# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

## प्रेस विज्ञप्ती

## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड "International Arch of Europe (Gold Category)" अवार्डबाट सम्मानित

स्पेनस्थित Business Initiative Directions ले जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडलाई कम्पनीले गुणस्तर, श्रेष्ठता तथा नेतृत्वमा देखाएको उल्लेखनीय प्रतिबद्धताको पहिचान स्वरुप प्रतिष्ठित "International Arch of Europe (Gold Category) - 2015" अवार्डबाट सम्मानित गरेको छ ।

गुणस्तरका सिद्धान्तहरुप्रति प्रतिबद्ध रही देशभित्रका मझौलादेखी ठूला क्षमताका जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरुमा लगानीका लागि कम्पनीले निर्वाह गर्दै आएको अग्रगामी भूमिकाको कदर स्वरुप उक्त सम्मान प्रदान गरिएको हो । सक्रिय संचालनको पछिल्लो अढाई वर्षमा कम्पनीले नेपालको ऊर्जा क्षेत्रमा नेतृत्व प्रदान गर्ने आफ्नो बृहत लक्ष्य प्राप्त गर्ने क्रममा हालसम्म २० मेगावाटदेखी ८२ मेगावाटसम्मका आठवटा जलविद्युत आयोजनाहरुमा स्थानीय वाणिज्य बैंकहरुसँगको सहवित्तियकरणमा ऋण लगानी गरेको छ । साथै, ३७.६ मेगावाट क्षमताको एक जलविद्युत आयोजनालाई नेपाल सरकारले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर, सहायक ऋणको रुपमा प्रदान गर्ने निकायको रुपमा यस कम्पनीले कार्य गरिरहेको छ । साथै, कम्पनीले करिब १२० मेगावाट क्षमताको एक जलविद्युत आयोजना विकास गर्ने लक्ष्यसहित हालै एक सहायक कम्पनी स्थापना गरेको छ । नेपाल र भारत बीच विद्युत प्रशारणका लागि निर्माणाधिन अन्तर देशीय प्रशारण लाइन अन्तर्गत नेपालतर्फको भाग निर्माण गर्ने पावर ट्रान्समिशन कम्पनी नेपालमा कम्पनीले १४ प्रतिशत स्वपूँजी लगानी समेत गरेको छ ।

Business Initiative Directions (BID) गुणस्तरको संस्कृतिलाई प्रोत्साहन गर्न केन्द्रित रहेको युरोपस्थित एक अग्रणी संस्था हो । अवार्ड प्राप्त गर्ने संस्थाको गुणस्तरप्रतिको प्रतिबद्धताको सम्मान गर्दै नेतृत्वले नेतृत्वलाई प्रदान गर्ने यस अवार्ड १०० वटा राष्ट्रलाई समेट्दै २९ वर्षअघि स्थापना गरिएको थियो ।

BID ले कम्पनीलाई प्रदान गरेको जानकारी अनुसार विगत दश महिनाभित्र उक्त संस्थाले आयोजना गरेको Annual Congress र सम्बन्धित कार्यक्रमहरुमा सहभागी ११६ वटा राष्ट्रका विभिन्न कम्पनी, संस्थाहरु र गुणस्तरसँग सम्बन्धित विज्ञहरुले प्रदान गरेको मतका अधारमा जलविद्युत लगानी तथा विकास कम्पनीलाई उक्त अवार्ड प्राप्त गर्न उम्मेद्धारको रुपमा चयन गरिएको थियो । QC100 Total Quality Management Model तथा BID को Quality Mix Technology मा आधारित रही Award Selection Committee ले कम्पनीलाई अवार्डका विभिन्न श्रेणीहरुमध्ये Gold Category को अवार्ड प्रदान गर्ने अन्तिम निर्णय गरेको हो ।

यसअघि उक्त अवार्ड प्राप्त गर्ने प्रमुख संस्थाहरुमा Indian Oil Corporation, Reliance Industries Ltd., Tata Elxsi, NTPC Ltd., Reliance Energy, VSNL, ICICI Bank (India), Korea Electric Power Corporation (Korea), Arcelor Mittal - UK, Walmart - USA, रहेका छन् ।

यस अवार्डले कम्पनीले आफ्नो कार्यगत क्षेत्रमा निर्वाह गर्दै आएको अग्रगामी भूमिकालाई अन्तराष्ट्रिय स्तरमा कदर भएको छ भने नेपाल र यहाँका सार्वजनिक संस्थाहरुलाई विश्वव्यापी नक्शामा नयाँ पहिचान दिने कार्य समेत भएको छ ।

२०७१/१२/२२